का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ पुस २०८२
शुक्रबार
2 January 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३२३ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

**कांग्रेसमा महाधिवेशनको किचलो**

# अन्तिम धक्काको तयारीमा गगन–विश्व

शेखर कोइरालापक्ष पार्टीको निर्णयविपरीत बोलाइने विशेष महाधिवेशनको विपक्षमा छ । उनको समूहले सहयोग नगरे गगन–विश्वलाई विशेष महाधिवेशनका लागि ४० प्रतिशत पुर्‍याउन मुस्किल पर्नेछ ।



"केन्द्रीय समितिको आधिकारिक निर्णयबिना बोलाइएको विशेष महाधिवेशनमा शेखर कोइरालाको सहयोग हुँदैन ।"
**डा. गोविन्दराज पोखरेल**
**केन्द्रीय सदस्य**

"विशेष महाधिवेशन कसैले रोक्न सक्दैन । भेलामा सबै नेताहरूको सहभागिता रहन्छ भन्ने विश्वास छ ।"
**मधु आचार्य**
**केन्द्रीय सदस्य**

"सिंगो कांग्रेसको नेतृत्व गर्ने महामन्त्रीजीहरू भेला राखेर विभाजनको अवस्थामा जानुहुन्छ भन्ने सोच्ने विषय नै होइन ।"
**रमेश लेखक**
**केन्द्रीय सदस्य**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ पुस

१५औं महाधिवेशनको विषयलाई लिएर नेपाली कांग्रेसमा आन्तरिक विवाद चर्केको छ । जसले पार्टी नै संकटको डिलमा पुग्ने खतरा छ। केन्द्रीय कार्यालयले तोकेको तालिकाअनुसार पुस २६-२९ मा नियमित महाधिवेशन नहुने भएपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सोही मितिमा विशेष महाधिवेशन बोलाउने अन्तिम तयारी गरेका हुन् ।

तोकिएको समयमा महाधिवेशन नभएपछि विधानमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने बाध्यता रहेको भन्दै विशेष महाधिवेशन पक्षधर नेताहरूले भेला बोलाएर अन्तिम धक्का दिने बताए। पार्टीको विधानको धारा १७ (२) 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनु पर्नेछ' भन्ने व्यवस्था गरेको छ ।

सोही व्यवस्थामा टेकेर कानुन व्यवसायीसमेतको परामर्शमा महामन्त्री थापा र शर्मासहितका नेताको अगुवाइमा पुस २७ र २८ गतेका लागि विशेष महाधिवेशन बोलाउने अन्तिम तयारी भएको केन्द्रीय सदस्य मधु आचार्यले बताए । 'नियमित महाधिवेशन भएन, पार्टी विधानमा भएको विशेष महाधिवेशनको अनिवार्य व्यवस्थालाई अब कसैले रोक्न सक्दैन ।'

कार्यवाहक सभापतिसहितका पदाधिकारीले सर्वसहमतिमा विशेष महाधिवेशन बोलाए उत्तम हुने उनको भनाइ । कतिपय नेताहरूले विशेष महाधिवेशनलाई रोक्न नसके पार्टी विभाजनाका जाने टिप्पणी गरेका छन् । तर विशेष महाधिवेशन वैधानिक बाटो भएकाले पार्टी विभाजनभन्दा पार्टी सुदृढ भएर जाने विशेष पक्षका नेताहरूको दाबी गरेका छन् । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन बोलाउने >>> पृष्ठ २ मा

# कैदी विद्यार्थी, कैदी नै शिक्षक

**सपना बोहरा /मध्यान्ह**
काठमाडौं, १७ पुस



झट्ट हेर्दा धेरैले कारागारलाई अपराधीलाई सजाय दिने ठाउँ भनेर बुझ्छन् । कारागार सजाय दिने ठाउँ मात्र नभएर कैदीबन्दीका लागि सुधार गृह, सिप सिकाउने र शिक्षा दिने थलो पनि हो । काठमाडौं सुन्धारास्थित केन्द्रीय कारागारभित्र मात्र तीनवटा विद्यालय छन् भन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ ।

केन्द्रीय कारागारभित्र जगन्नाथ माध्यमिक विद्यालय, बन्दी विकास आधारभूत विद्यालय र महिला बन्दी विकास आधार भूत गरी तीनवटा विद्यालय सञ्चालनमा छन् । जहाँ १८ वर्षदेखि ९० वर्षसम्मका कैदीहरूले अध्ययन गरिरहेका छन् । उनीहरू विद्यालयमा भर्ना मात्र भएका छैनन्, कक्षामा नियमित उपस्थित पनि हुन्छन् । केही कैदीबन्दी स्वयं शिक्षकका रूपमा अध्यापन पनि गरिरहेका छन् । पढाइसँगै कैद भुक्तान गरेर थप शिक्षा हासिल गरेका, स्वरोजगार भएर समाजमा पुनःस्थापित हुनेको संख्या पनि ठुलै छ ।

विभिन्न अपराधिक क्रियाकलाप गरेर कैद भुक्तान गर्न आएका कैदीहरूले अध्यनन गरिरहेको सुन्धारास्थित केन्द्रीय कारागारले जनाएको छ। कैदीबन्दीले विद्यालयमा अध्ययन गर्न कुनै किसिमको शुल्क तिर्नुपर्दैन । तर कापीकिताबदेखि स्टेसनरी, खाजालगायत व्यवस्थापन गर्न भने उनीहरूलाई समस्या छ ।

एक जना कैदीले जगन्नाथ माध्यमिक विद्यालयमा पढाउन थालेको १० वर्ष पुगिसकेको छ । काठमाडौं महानगपालिकाले नै उनलाई दरबन्दीमा राखेको छ । उनको कैद पनि भुक्तान पनि हुँदै छ । तर उनी खुल्न चाहँदैनन् । उनी गणितको विषयको शिक्षक हुन् । उनी आफैं एमएड गर्दै छन् । उनीसँगै अन्य दुईवटा विद्यालयका प्रधानाध्यापक पनि कैदी नै हुन् । उनीहरूले पनि कैदी विद्यार्थीहरूलाई पढाइरहेका छन् । जगन्नाथ माध्यमिक विद्यालयमा ८५ वर्षीय एक कैदीले यसै वर्ष कक्षा ११ को परीक्षा दिएका छन् । कारागारमा आजीवन कैद भुक्तान गरिरहेका ती व्यक्तिले फुर्सदको समयलाई सदुपयोग गरेर पढाइलाई अघि बढाएका हुन् ।

> सुन्धारास्थितकेन्द्रीय कारागारभित्र तीन विद्यालय छन्, जहाँ ८ सय धेरै कैदी विद्यार्थी कक्षा १२ सम्म अध्ययनरत छन् ।

समाजमा सुधार र पुनर्संयोजनका लागि कैदीहरूलाई शिक्षा दिइएको केन्द्रीय कारागारका सूचना अधिकारी वैकुण्ठ रेग्मी बताउँछन् । कैदी विद्यार्थीहरूका लागि डिप्लोमा र डिग्रीको पढाइ पनि आवश्यक रहेको उनले बताए । 'कारागारभित्र कैदीबन्दीका लागि सञ्चालन हुने स्कुल/शिक्षा कार्यक्रमलाई कैदी विद्यालय हो, विद्यालयहरूले कैदीहरूलाई शैक्षिक अधिकार र ज्ञान प्रदान गर्ने काम गर्छन् जसले उनीहरूको पुनर्संयोजन पुनः समाजमा भाग लिन सजिलो बनाउँछ,' उनले भने । अन्य विद्यार्थीसरह कैदीहरूले पनि नियमित परीक्षा दिन्छन् । परीक्षा सेन्टरको व्यवस्था कार्यालयभित्र नै मिलाइएको छ ।

कैदी विद्यार्थीहरूलाई परिवारले नै बेवास्ता गर्ने भएकाले अध्ययन गर्न आवश्यक सामग्री जुटाउन सकिरहेका छैनन् । काठमाडौं महानगरपालिकाले दिँदै आएको स्टेसनरी सामग्री र खाजा पछिल्लो वर्षदेखि कटौती गर्दै आएको कैदीबन्दी शिक्षकहरु बताउँछन् । सरकारले पनि उनीहरूलाई सुविधा दिन सकिरहेको छैन । एक कैदीबराबर ७ सय ग्राम चामल र दिनको ८५ रुपैयाँ दिने गरेको छ । त्यो ८५ रुपैयाँले तरकारी, नुन तेल, साबुन, शैक्षिक सामग्रीलगायतमा खर्च गर्नुपर्छ । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# स्वास्थ्य परीक्षण शुल्क वृद्धि खारेजविरुद्धको रिटमा उच्चले दिएन अन्तरिम आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस

उच्च अदालत पाटनले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि गरिएको शुल्क वृद्धि खारेज सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको निर्णयविरुद्ध अन्तरिम आदेश दिएन । यसले वैदेशिक रोजगारका लागि जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क तत्कालका लागि ६ हजार ५ सय रुपैयाँ कायम भएको छ । रिटको फैसला हुन भने बाँकी छ ।

उच्च अदालत पाटनले शुल्क वृद्धि खारेज गर्ने श्रम मन्त्रालयको निर्णयविरुद्ध परेको उत्प्रेषण रिटमा गत आइतबार प्रधानमन्त्रीको निर्देशन झिकाउने आदेश दिएको थियो। बिहीबार न्यायाधीशद्वय ऋषि राजभण्डारी र शिवबहादुर रानाभाटको इजलासले निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी नहुने आदेश गरेको हो ।

बिहीबारको छलफलमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट उपस्थित रहेका वरिष्ठ अधिवक्ता देवराज कटुवालले ९ हजार ५ सय रुपैयाँ स्वास्थ्य परीक्षण शुल्क लिन पाउने माग उच्च अदालतले >>> पृष्ठ २ मा

### कतारमा १३ नेपालीले पाए आममाफी


काठमाडौं/मस– कतारले आफ्नो देशका विभिन्न जेलमा रहेका १३ जना नेपालीलाई आममाफी दिएको छ । कतारले आफ्नो राष्ट्रिय दिवस तथा अन्तर र्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा आममाफी दिएको बताएको छ। कतारका अमिर अर्थात् राजाले आममाफी, कैद मिनाहा वा कैद कम गर्ने गरेका छन् ।

परराष्ट्र मन्त्रालयद्वारा बिहीबार >>> पृष्ठ २ मा

# सुधि्रँदै अर्थतन्त्र

## आर्थिक वृद्धि ४.६ प्रतिशत पुग्ने अनुमान

*आर्थिक वर्ष २०८१/८२ सम्म २० हजार ४३ किलोमिटर सडक कालोपत्र भएको छ भने ९ हजार ५ सय ८० कच्ची सडक र ९ हजार १ सय ३१ किलोमिटर सडक ग्राभेल भएको छ ।*




**कृषि कर्जाको प्रदेशगत हिस्सा (प्रतिशतमा)**

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १७ पुस

नेपालमा चुनावी माहोल सिर्जनासँगै नेपालको अर्थतन्त्रले लय समात्ने संकेत देखाएको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनले नेपालको समग्र आर्थिक गतिविधि सुधारोन्मुख देखाएको हो । राष्ट्र बैंकले यस आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ४ दशमलव ६ प्रतिशत पुग्ने अनुमान गरेको हो । अघिल्लो वर्ष नेपालको आर्थिक वृद्धिदर ३ दशमलव ७ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकको तथ्यांकअनुसार कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै सेवा क्षेत्रको योगदान ६२ प्रतिशत रहने अनुमान छ। यस्तै, कृषि क्षेत्रको योगदान २५ दशमलव २ प्रतिशत र उद्योग क्षेत्रको योगदान १२ दशमलव ८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।

आार्थिक वृद्धिदरमा बागमती प्रदेशको सबैभन्दा बढी ३६ दशमलव ५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४ दशमलव २ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कृषि बालीको उत्पादन ३ दशमलव ७ प्रतिशतले बढेको छ । धान बालीको उत्पादनमा वृद्धि भई ५९ लाख ५४ हजार मेट्रिक टन पुगेको छ । यस्तै, फलफूल उत्पादनमा ३ दशमलव ३ प्रतिशत र पशुजन्य उत्पादनतर्फ दूध १ प्रतिशत र मासुको उत्पादनमा शून्य दशमलव ३ प्रतिशतले कमी आएको राष्ट्र बैंकको प्रतिवदेनमा उल्लेख छ ।

तर आर्थिक मन्दीको असर उद्योग क्षेत्रमा देखिएको छ । उद्योगहरूको औसत क्षमता उपयोग ४४ दशमलव ५ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष ४८ दशमलव ३ प्रतिशत थियो। उद्योग विभागमा ७ सयवटा नयाँ उद्योग दर्ता भएका छन्, जसमा बागमती प्रदेशमा मात्रै ५ सय ४३ वटा उद्योग दर्ता भएका छन् । पर्यटन र वैदेशिक व्यापार कोरोना महामारीपछिको पर्यटन क्षेत्रमा उत्साहजनक सुधार देखिएको छ । भौतिक पूर्वाधारतर्फ नेपालमा सडक निर्माण क्षेत्रले गति लिएको छ। आर्थिक वर्ष २०८१/८२ मा १ हजार २ सय ३५ किलोमिटर सडक कालोपत्रे भएको छ भने २ सय ७८ सडक ग्राभेल, ३ सय १ किलमिटर नयाँ ट्र्याक निर्माण भएको छ भने ३ सय ७० किलोमिटर सडकको मर्मत भएको छ । आर्थिक वर्ष २०८१/८२ सम्म २० हजार ४३ किलोमिटर सडक कालोपत्र भएको छ भने ९ हजार ५ सय ८० कच्ची सडक र ९ हजार १ सय ३१ किलोमिटर सडक ग्राभेल भएको छ ।

### कृषिमा कर्जा प्रवाह घट्दो

कृषि क्षेत्र आकर्षणको केन्द्र बन्दै गएको भए पनि बैंक तथा वित्तीय संस्थाले कृषि कर्जा प्रवाह >>> पृष्ठ २ मा

**UAE मा रोजगार**

कम्पनी: KABI LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ चलानी नं.: ६०२५००२३ LT. No.: 334072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Drivers (Light) | 200 | 0 | स. काममा दक्ष | 1600 | ६२,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: IMDAAD — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०९/०६ चलानी नं.: ६०२५००२४ LT. No.: 335674

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Picker | 200 | 0 | स. काममा दक्ष | 1250 | ४८,८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MMH SECURITY SERVICE — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ चलानी नं.: ६०२३५८२४ LT. No.: 321388 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 14 | 0 | स. काममा दक्ष | 1200 | ४६,८८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता नमस्ते जनप्रिया थकाली भान्सा घर पोखरामा २०८२ पुस २६ गते (10 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 15903550/15904664,
Mobile/Whatsaap: +9779802047340, Email: info@rajgroupnepal.com
Website:www.rajgroupnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१८ पुस २०८२ शुक्रबार
2 January 2026 Friday

# ओलीलाई बयानका लागि पत्राचार गर्ने तयारी, लेखकको स्थान हद फुकुवा

**काठमाडौं/मस–** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि पत्राचार गर्ने भएको छ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बिहीबार सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्राचार गर्न लागेको स्पष्ट पारेका छन् ।





नेकपा (एमाले)का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले सो आयोगको कानुनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहेको अवस्थामा आयोगले पत्राचार गरेको हो । यसैगरी आयोगलाई थप गरिएको समय सीमाभित्र प्रतिवेदन बुझाउने गरी आफूहरूले काम गरिरहेको उनले बताए । गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट गठित तीन सदस्यीय आयोगको कार्यकाल आगामी माघ ५ गतेसम्मका लागि थप गरिएको छ ।

यसैबीच नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वगृहमन्त्री रमेश लेखकविरुद्धको स्थान हद फुकुवा भएको छ । जेनजी आन्दोलनका क्रममा भएको घटना सम्बन्धमा गठित जाँचबुझ आयोगले पूर्वगृहमन्त्री लेखकमाथि लगाइएको भ्रमण प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको हो । आयोगको सचिवालयले एक सूचना जारी गर्दै लेखकको विदेश भ्रमण र काठमाडौं उपत्यका छाड्न नपाउने पूर्व निर्णयलाई हटाएको जानकारी दिएको हो ।

# नेपालको राष्ट्रिय पहिचानको संरक्षणमा सबै जुट्नुपर्छ : मन्त्री खरेल

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपालको राष्ट्रिय पहिचानको संरक्षण र प्रवर्द्धनमा सबै जुट्नुपर्नेमा जोड दिएका छन् ।



१३औं राष्ट्रिय पोसाक दिवस तथा अन्तरराष्ट्रिय टोपी दिवस–२०८२ को अवसरमा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठानले बिहीबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले राष्ट्रिय पहिचानको प्रवर्द्धन अभियानलाई सरकारको साथ रहने विश्वास व्यक्त गरे ।

सञ्चारमन्त्री खरेलले भने, 'राष्ट्रियताको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध छ, राष्ट्रिय झण्डा भन्ने वित्तिकै यसप्रतिको श्रद्धा अगाध झल्किन्छ । राष्ट्रिय एकताको प्रतिक राष्ट्रिय झण्डा हो, जसले सबै नेपालीलाई जोड्नसक्छ । हामी जो जहाँ छौं, नेपाली हुनुको पहिचान जोगाउने कार्यमा सक्रिय भएर लागौं ।' मन्त्री खरेलले राष्ट्रिय पोशाकलाई सरकारी मान्यता दिने र उत्सवको रूपमा दिवस मनाउने सन्दर्भमा आफू अभियानको साथमा रहेको बताए । उनले भने, 'नवजवान युवाहरुले विहे, व्रतवन्ध, भोज र औपचारिक कार्यक्रम तथा भव्य र सभ्य समारोहमा दौरा, सुरुवाल, कोट, टोपी, साडी, चोलो लगाएर कार्यक्रममा उपस्थित हुदा राष्ट्रिय महत्व आफैमा बढेको छ । विश्वभर नेपालीको पहिचानको परिचय दिइरहँदा शिरमाथी लगाएको ढाका टोपी दौरा सुरुवाल हो । नेपाल र नेपाली चिनाउने राष्ट्रिय पोशाक नै हो, त्यसैले यसको संरक्षणमा सबै लाग्नुपर्छ ।'

प्रतिष्ठानका अध्यक्ष राजानन्द मण्डलले राष्ट्रिय झण्डा र राष्ट्रिय पोशाकको गरिमा र ओझ बढाउने कार्यमा सबै जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिए । सो अवसरमा राष्ट्रिय हित प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।

# गौरको नयाँ पहिचान : लालबकैया नदीमा निर्मित झोलुंगे पुलमा पर्यटकको ओइरो

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ पुस

रौतहटको सदरमुकाम गौर नगरपालिका–२ स्थित लालबकैया नदीमा नवनिर्मित झोलुंगे पुल नयाँ वर्षको पहिलो दिन पर्यटकीय गन्तव्यको रूपमा झुल्किएको छ । नगर प्रमुख शम्भु साहको विशेष पहल र सक्रियतामा निर्माण सम्पन्न भएको यस पुलले यातायात सहज मात्र बनाएको छैन बरु रौतहटकै एक उत्कृष्ट 'भिजिटिङ स्पट' को परिचय समेत पाएको हो ।

नयाँ वर्ष मनाउने क्रममा बिहीबार बिहानैदेखि गौर नगर क्षेत्रका स्थानीय बासिन्दाका साथै रौतहटका अन्य पालिका र छिमेकी जिल्लाहरू तथा भारतबाट समेत पर्यटकहरू यहाँ आइपुगेका छन् । २ सय ५९ मिटर लम्बाई रहेको यो आकर्षक पुलमा उभिएर लालबकैया नदीको दृश्य नियाल्ने, तस्बिर खिच्ने र भिडियो (टिकटक/रील) बनाउने युवायुवती तथा परिवारहरूको लर्को





देखिएको हो ।

स्थानीय एक पर्यटकले खुसी व्यक्त गर्दै भने, 'पहिले नदी तर्न डुंगाको भर पर्नुपर्थ्यो वा धेरै घुमेर जानुपर्थ्यो । अहिले पुल बनेपछि समयको बचत मात्र भएको छैन, नयाँ वर्ष मनाउनका लागि हामीले आफ्नै शहरमा यति राम्रो ठाउँ पाएका छौं ।'

लामो समयदेखि अलपत्र अवस्थामा रहेको यस पुलको निर्माण कार्यलाई पूर्णता दिन नगर प्रमुख शम्भु साहले पदभार ग्रहण गरेदेखि नै विशेष चासो देखाएका थिए । उनकै पहलमा प्राविधिक अवरोधहरू हटाएर करिब ४ करोड २९ लाखको लागतमा यो परियोजना सम्पन्न भएको हो ।

नगर प्रमुख साहले यस अवसरमा प्रतिक्रिया दिँदै भने, 'हामीले गौरलाई समृद्ध र आधुनिक बनाउने जुन संकल्प गरेका थियौं, यो पुल त्यसैको एक कडी हो । यसले वडा नम्बर २ का बासिन्दालाई मात्र नभई सम्पूर्ण गौरवासीको जीवनस्तर र स्थानीय पर्यटनलाई टेवा पुर्‍याउनेछ ।'

पर्यटकहरूको उल्लेखनीय उपस्थितिसँगै पुल वरपरका साना पसल, होटल र व्यापारिक प्रतिष्ठानहरूमा चहलपहल बढेको छ । नयाँ वर्षका कारण स्थानीय व्यवसायीहरूले राम्रो आम्दानी गरेका छन् । पर्यटकीय चहलपहल बढ्दा गौर नगरपालिकाले यस क्षेत्रलाई थप व्यवस्थित बनाउन उद्यान (पार्क) र लाइटिङको व्यवस्था गर्ने योजना समेत अघि सारेको हो । झोलुंगे पुलको निर्माणसँगै गौर–२ अब केवल प्रशासनिक र आवासीय क्षेत्र मात्र रहेन, यो रौतहटको एक मुख्य पर्यटकीय हबका रूपमा विकसित भएको हो ।

# 'नयाँ परिस्थितिमा पत्रकार र सञ्चारमाध्यमले आफ्नो मनस्थिति बदल्नुपर्छ'

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपाल र सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबिएन) बीच आज पत्रकार आचारसंहिता, समाचार सम्प्रेषण तथा पत्रकारिताको अभ्यासमा देखिएका चुनौतीलगायतका विषयमा छलफल भएको छ ।



पिएसबिएनको निमन्त्रणामा काउन्सिल अध्यक्ष डा. कुमार शर्मा आचार्यको नेतृत्वमा गएको टोली र पिएसबिएनका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टसहितको टोलीबीच छलफल भएको हो ।

छलफलका क्रममा काउन्सिल अध्यक्ष डा. आचार्यले आफू काउन्सिलमा नयाँ सोच र कार्यशैली लिएर आएको बताउँदै काउन्सिललाई यही रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

'म काउन्सिलमा अधिकार प्रयोग गर्न आएको होइन, कर्तव्य पालना गर्न आएको हुँ, त्यही गर्छु,' अध्यक्ष डा. आचार्यले भने, 'नयाँ परिस्थितिमा प्रत्येक पत्रकार र सञ्चारमाध्यमले आफ्नो मनस्थिति बदल्नुपर्छ । दृष्टिकोण नबदली दृश्य बदलिँदैन ।'

उनले आफूले पत्रकार र सञ्चारमाध्यमलाई दण्डनात्मक नभइ सुधारात्मक दृष्टिकोण अपनाएर अघि बढाउने धारणा राखे ।

पिएसबिएनका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले पिएसबिएन पत्रकार आचारसंहिता पालनामा प्रतिबद्ध रहेको बताउँदै काउन्सिललाई अझै स्वतन्त्र, स्वायत्त बनाउनमै जोड दिनुपर्ने बताए । काउन्सिलका सदस्य बालकृष्ण अधिकारीले काउन्सिलले पत्र मात्रै काट्ने नभइ पत्रकारलाई कर्तव्यबोध गराउन सञ्चारमाध्यममा स्थलगत अनुगमन गर्न थालेको जानकारी दिए । काउन्सिल अध्यक्ष डा.आचार्यलाई विशेष स्वागत गरिएको उक्त कार्यक्रममा काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, पिएसबिएनका प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपाने, एनटिभीका समाचार प्रमुख पुष्पहरि क्याम्पा राई र रेडियोका समाचार प्रमुख पवन प्याकुरेल, नेपाल पत्रकार महासंघ रेडियो शाखाका अध्यक्ष भुषण पोखरेललगायतले आ–आफ्नो धारणा राखेका थिए । नेपाल पत्रकार महासंघ एनटिभी शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले सहजीकरण गरेको उक्त कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालसहित पिएसबिएनका वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको थियो ।

## काउन्सिल र आयोगबीच सहकार्य गर्ने सहमति

**काठमाडौं/मस–** पत्रकार आचारसंहिता र सूचनाको हक सम्बन्धमा संयुक्त रूपमा अभिमुखीकरण गर्न बिहीबार राष्ट्रिय सूचना आयोग र प्रेस काउन्सिल नेपालबीच सहमति भएको छ ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष डा.कुमार शर्मा आचार्यको नेतृत्वमा गएको टोली र राष्ट्रिय सूचना आयोगमा आयोगको टोलीसँग भएको छलफलका क्रममा यसरी अघि बढ्न दुई बुँदे सहमति भएको हो ।

उक्त सहमतिपत्रमा राष्ट्रिय सूचना आयोग र प्रेस काउन्सिल नेपालबीच पत्रकार तथा सञ्चारकर्मीलाई सचेतना अभिवृद्धि गर्न एकअर्काका कार्यक्रमहरूमा सहकार्य गरी दुवै निकायका विषयवस्तु प्रस्तुत गर्ने सम्बन्धमा समन्वय गरी प्रवर्धनात्मक कार्य सञ्चालन गर्ने तथा सूचनाको हक प्रवर्धन र पत्रकार तथा सञ्चारकर्मी आचारसंहिता कार्यान्वयन गर्ने सम्बन्धमा दीर्घकालीन रूपमा सहकार्य गरी समझदारी गर्न आवश्यक मस्यौदा तयार गरी दुवै निकायबीच आदानप्रदान गर्ने उल्लेख छ ।

उक्त छलफलमा सहमतिका क्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष डा.आचार्य, प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य, आयुक्तहरू गगन विष्ट र दुर्गा भण्डारी पौडेल, काउन्सिलका सदस्य बालकृष्ण अधिकारी, आयोगका सचिव दीर्घराज मैनाली, सूचना तथा प्रसारण विभागका महानिर्देशक छबीन्द्र पराजुली, प्रेस काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता) दीपक खनाल, आयोगका उपसचिवहरू सन्तोष कुमार दाहाल, देवेन्द्र कार्की र प्रेमचन्द अर्याल उपस्थित थिए ।

### अन्तिम...

भएकाले सबै नेताहरू सहभागी हुने नेता आचार्यको जिकिर छ । '५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले बोलाएको विशेष महाधिवेशनले पार्टी विभाजन हुँदैन । सबै नेताहरू भेलामा सहभागी हुनुहुन्छ र विशेष महाधिवेशनले गर्ने आवश्यक निर्णय गर्छ । यसले पार्टीलाई पुनर्जागृत गराउँछ ।' वैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने कुरामा नेताहरू विभाजन हुनुहुन्न भन्ने विश्वास रहेको आचार्यको भनाइ छ ।

गत असोज २९ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई २ हजार ४ सय ८८ महाधिवेशन प्रतिनिधिको विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर बुझाइएका थिए । ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष कारणसहित हस्ताक्षर बुझाएको तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने कांग्रेस विधानमा व्यवस्था छ । सोहीअनुसार महाधिवेशन प्रतिनिधिलाई काठमाडौंमा बोलाउन थालिएको नेताहरूले बताए । हस्ताक्षर बुझाएको तीन महिना पुग्न लाग्दा पनि पार्टीले बेवास्ता गरेकाले विशेष महाधिवेशन निर्विकल्प भएको विशेष महाधिवेशन आयोजक समितिका सदस्य रमेश धमलाले बताए । त्यसका लागि भृकुटीमण्डपको बगैंचा, हल र चउरसहितको प्रदर्शनीस्थल बुकिङ गरिसकेको उनले जानकारी दिए ।

नियमित महाधिवेशन गरेर विशेषलाई निष्क्रिय बनाउन मंसिर १५ गतेको केन्द्रीय कार्यसमिति बैठकले पार्टीका सातै तहको कार्यतालिका ल्याएको थियो । जसअनुसार पुस १६ गते गाउँ, नगर, वडा, पुस १७ गते गाउँपालिका, पुस १९ गते प्रदेशसभा क्षेत्रीय, पुस २१ गते प्रतिनिधि सभा क्षेत्रीय र एक मात्र जिल्ला भएका जिल्लाको अधिवेशन गर्ने कार्यतालिका थियो । त्यस्तै, पुस २२ गते दुई वा सोभन्दा बढी क्षेत्र भएका जिल्ला, पुस २३ र २४ गते प्रदेश र पुस २६–२८ गते केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका थियो ।

तर कार्यतालिकाअनुसार अधिवेशन नभएपछि महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको पहलमा विशेष महाधिवेशनको तयारीमा लाग्न आग्रह गरिएको हो । 'यस विषयमा हस्ताक्षरकर्ताको तर्फबाट शुक्रबार पत्रकार सम्मेलन गर्ने तयारी छ,' कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले भनिन्, 'महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शनिबार देशभरका महाधिवेशन प्रतिनिधिलाई विशेष महाधिवेशनका भाग लिन सार्वजिन आह्वान गर्ने तयारी छ ।'

महामन्त्रीको अग्रसरतामा विशेष महाधिवेशनका तयारी भए पनि सभापति, कार्यवाहक सभापतिसहितका पदाधिकारी र संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाल पार्टीको निर्णयविपरीत बोलाइने विशेष महाधिवेशनको विपक्षमा छन् । विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका धेरै महाधिवेशन प्रतिनिधि शेखर कोइराला समूहका भएकाले उनले सहयोग नगर्दा कोरम पुर्‍याउन कठिन हुने इतर पक्षका नेता बताउँछन् । 'पार्टीले आधिकारिक निर्णय गरे नेता कोइरालाले सहयोग गर्नुहुन्छ,' केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेलले मध्यान्हसँग भने, 'नियमित महाधिवेशनको तालिकाअनुसार काम गर्न नसक्नु पार्टीका सबै पदाधिकारीको असफलता हो । पार्टी केन्द्रीय समितिको आधिकारी निर्णयबिना बोलाइएको विशेष महाधिवेशनमा कोइरालाको सहयोग हुँदैन,' उनको भने ।

२१ फागुनको निर्वाचन अगाडि संस्थापन पक्षका नेताहरू कुनै पनि महाधिवेशनको पक्षमा छैनन् । संस्थापनइतर समूहका नेताहरूले आमनिर्वाचनअघि महाधिवेशन गरेर नयाँ नीति र नयाँ नेतृत्वसहित जनतामा जानुपर्ने जिकिर गर्दै आएको थियो । नियमित महाधिवेशन गर्न नसकेको खण्डमा केन्द्रीय समितिले नै विशेष महाधिवेशनमा जानुपर्ने नेता शेखर कोइरालाको दाबी यथावत् छ । तर उनी महामन्त्रीले मात्रै बोलाएको भेलालाई सहयोग गर्न अनिच्छुक छन् । उनको समर्थनबिना महामन्त्रीले बोलाएको विशेष महाधिवेशनमा ४० प्रतिशत पुर्‍याउन नसकिने हो कि भन्ने त्रास थापा समूहलाई छ ।

संस्थापन पक्षका नेता रमेश लेखकले महामन्त्रीहरूले विशेष भेलाका नाममा पार्टी विभाजनको अवस्थामा नपुर्‍याउने बताए । 'हामीले नियमित महाधिवेशन गर्ने भनेर पार्टीले निर्णय गरेर गएकै हो । तर कार्यतालिकाअनुसार काम सकिएन, त्यसको जिम्मा सबै नेताहरूले लिनुपर्छ ।' क्रियाशील सदस्यता नवीकरण र वितरणको काम अझै धमाधम भइरहेकै उनले बताए । 'अहिले भेला राख्ने भन्ने सुनेको छु भेलाको उद्देश्य के हो ? भन्ने थाहा छैन,' लेखकले भने, 'सिंगो कांग्रेसको नेतृत्वमा पुग्ने तयारीमा रहनुभएका महामन्त्रीजीहरू विभाजनको अवस्थामा जानुहुन्छ भन्ने हामीले सोच्ने विषय नै होइन ।' तर उहाँहरूले बोलाएको भेलाले के गर्ने ? र त्यो भेला कस्तो हो ? त्यसलाई हेरेर कांग्रेसले आवश्यक निर्णय लिने नेता लेखकले बताए ।

महामन्त्रीहरूले विशेष महाधिवेशन बोलाए पनि त्यो एउटा भेला मात्रै हुने संस्थापन पक्षको दाबी छ । निर्वाचन आइसकेकाले सबै पार्टीका सबै नेता कार्यकर्ता एक भएर निर्वाचनमा लाग्नुपर्नेबेला भेला गर्नुले कांग्रेसलाई क्षति हुने सहमहामन्त्री महेन्द्र यादवले बताए । उनले भने, 'चुनावका बेलामा सबै कार्यकर्ता मैदानमा गइसकेका छन् । महामन्त्रीहरूले पनि चुनावकै विषयमा छलफल गर्न बोलाउन लाग्नुभएको हुन सक्छ । नियमित महाधिवेशनकै प्रक्रियामा जाने निर्णयसहितको तयारी भएकाले विशेष महाधिवेशनको कुनै अर्थ छैन ।'

### कैदी...

यो महँगीमा त्यो पैसाले नपुग्ने कैदी विद्यार्थीहरूले गुनासो गर्दै आएको रेग्मी बताउँछन् ।

विसं १९७१ सालमा केन्द्रीय कारागारभित्र स्थापना भएको जगन्नाथ माध्यमिक विद्यालय, बन्दी विकास आधारभूत विद्यालय, महिला बन्दी विकास आधार भूत विद्यालयमा गरेर अहिले करिब ८ सय कैदी विद्यार्थीहरूले कक्षा १ देखि १२ सम्म अध्ययन गरिरहेका छन् ।

केन्द्रीय कारागारका अनुसार, जगन्नाथ माध्यमिक विद्यालयमा कक्षा १ देखि १२ सम्म ३ सय ९६ विद्यार्थीहरू अध्ययनरत छन् । त्यस्तै, बन्दी विकास आधारभूत विद्यालयमा कक्षा १ देखि ८ सम्म ८४ विद्यार्थी छन् भने महिला कैदीहरूका लागि अलग विद्यालय छ । महिला बन्दी विकास आधार भूत विद्यालयमा कक्षा १ देखि ५ सम्म ८३ जना कैदी विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । कक्षाहरू बिहान र साँझ दुई सिफ्ट चल्ने गरेका छन् ।

### सुधि्ँदै...

घटाएका छन् । २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित घटेको छ । कृषिमा गएको कर्जाले उत्पादकत्व बढाउने भए पनि गत वर्षभन्दा शून्य दशमलव ४ प्रतिशतले घटेर ३ खर्ब ३६ अर्ब ७३ करोड कर्जा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ । २०८० मा समेत कृषि कर्जा शून्य दशमलव ८२ प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी ६१ अर्ब १९ करोड कर्जा पशुपालन/पशु बधशाला शीर्षकमा कर्जा गएको छ । कृषि गएको कर्जालाई प्रदेशगत रूपमा सबैभन्दा धेरै बागमतीमा ३६ दशमलव ३ प्रतिशत, मधेशमा १८ दशमलव ७ प्रतिशत, कोशीमा १६ दशमलव ७ प्रतिशत र लुम्बिनीमा १५ प्रतिशत रहेको छ । यस्तै, सुदूरपश्चिममा ४ दशमलव ७ प्रतिशत र कर्णालीमा १ दशमलव ५ प्रतिशत रहेको छ ।

### स्वास्थ्य...

अस्वीकार गरेको जानकारी दिए । अनमोल मेडिकल सेन्टर प्रा.लि.समेत वादी रहेको सो रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, श्रम मन्त्रालय, श्रममन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्यमन्त्री, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सचिवालयलाई विपक्षी बनाइएको छ ।

श्रम मन्त्रालयले गत पुस ४ गतेको मन्त्रीस्तरीय निर्णयबाट वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज गरेको थियो । शुल्क वृद्धि खारेज गर्ने मन्त्रीस्तरीय निर्णयपछि जारी सूचनामा ९ हजार ५ सय शुल्क निर्धारण गरिएकोमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका विभिन्न संस्थाहरुबाट सो शुल्क वृद्धि महँगो भएको भनि गुनासो आएकाले कात्तिक ३० गतेको प्रधानमन्त्री कार्यालयको निर्देशनपछि मन्त्रीस्तर निर्णयबाट शुल्क वृद्धि खारेज गरिएको उल्लेख छ ।

त्यसलाई मेडिकल व्यवसायीले अन्यायपूर्ण र अव्यवहारिक भनेका छन् । उनीहरूले श्रम मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को छैटौं संशोधन २०८१ मा हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सीबीसी, इएसआर, प्लेटलेट, क्षयरोग परीक्षण गर्दा छातीको भिडियो एक्स–रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, म्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोगसमेत ३४ प्रकारका रोगको परीक्षण गर्नुपर्ने प्रावधान रहेकाले शुल्क बढाउनुपरेको बताउँदै आएका छन् ।

### कतारमा...

जारी विज्ञप्तिमा मानवीय आधारमा प्रदान गरिएको आममाफीलाई नेपाल र कतारबीचको द्विपक्षीय सम्बन्धमा गहिरिँदै गएको मित्रता र सौहार्दताको प्रतीकका रूपमा मूल्यांकन गरिएको भन्दै यस्तो मानवीय कदमले दुई देशबीचको आपसी विश्वास र सहकार्यलाई थप मजबुत बनाउने उल्लेख गरिएको छ ।


## साधारण सभा सम्बन्धी सूचना

श्रीराधाकृष्ण देवस्थान व्यवस्था समितिको २०८१/०८२ को साधारण सभा २०८२ माघ ३ गते शनिबार दिउसो २ बजे आश्रममा बस्ने र सो सभामा अध्यक्षको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदनको अनुमोदन र आगामी आ.व.को अनुमानित बजेट र विविध विषयमा छलफल हुने गरी सबै सदस्यका घर ठेगानामा सम्पूर्ण सदस्यज्यूहरूलाई पत्र पठाइसकेका छौं । कारणवस सूचना प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ

सचिव
श्री राधाकृष्ण व्यवस्था समिति, टंगाल, काठमाडौं

## कुवेत र साउदीमा रोजगार

कम्पनी: TNT COMPANY FOR CONSUMER GOODS DELIVERY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/१७ — चलानी नं.: ६०२५००४० — L.T. No.: 336392

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver | 17 | 0 | स. काममा दक्ष | 140 | ६५,२५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MODERN CONSTRUCTION SUMMIT COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/०९/१७ — चलानी नं.: ६०२५००३९ — L.T. No.: 336433

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Un Loading Staff | 3 | 0 | स. काममा दक्ष | 1000 | ३८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

## मलेसियामा रोजगार

कम्पनी: MULTI MERIDIAN SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ — चलानी नं.: ६०२४४७१३ — LT. No.: 330955 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 32 | 0 | स. काममा दक्ष | 1700 | ६०,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

# नयाँ वर्ष मनाउन भारतीय पर्यटकको लर्को



विनोद निगम/मध्यान्ह
नवलपरासी, १७ पुस

नयाँ वर्षको अवसरमा पश्चिम नवलपरासीको प्रमुख सीमा नाका महेशपुर हुँदै ठुलो संख्यामा भारतीय पर्यटक नेपाल भित्रिएका छन् । पछिल्ला दुई दिनमा मात्रै ६ सय भन्दा बढी भारतीय पर्यटक विभिन्न सवारीसाधनसहित नेपाल भित्रिएका महेशपुर भन्सार कार्यालयले जनाएको छ ।

भन्सार कार्यालयका अनुसार भारतीय पर्यटकहरू मोटरसाइकल, कार तथा अन्य सवारीसाधन प्रयोग गरी नेपाल आएका हुन् । नेपाल भ्रमणमा आएका अधिकांश पर्यटक पोखरा, नारायणघाट, काठमाडौं, चितवन, मुक्तिनाथ, पाल्पा, बुटवल तथा त्रिवेणी धामजस्ता धार्मिक तथा पर्यटकीय स्थल भ्रमण गर्ने उद्देश्यले आएका छन् ।

नेपाल प्रवेश गरेका भारतको गोरखपुर घर भएका एक व्यवसायीले नेपाल-भारतबीचको सम्बन्ध गहिरो रहेको उल्लेख गर्दै नेपालमा प्राकृतिक सौन्दर्य र धार्मिक महत्वका स्थल प्रशस्त भएकाले परिवारसहित नयाँ वर्ष मनाउन नेपाल आएको बताए । उनका अनुसार विशेषगरी पोखरा र मनकामना मन्दिर घुम्ने योजना रहेको छ ।

महेशपुर भन्सार कार्यालयका कर्मचारी कमल शर्माका अनुसार बुधबार र बिहीबारको अवधिमा मात्रै ६ सय भन्दा बढी भारतीय पर्यटकले आफ्ना मोटरसाइकल तथा सवारीसाधनको भन्सार प्रक्रिया पूरा गरेका छन्। नयाँ वर्ष, सार्वजनिक बिदा तथा नेपाल-भारतबीचको सहज आवागमनका कारण यसपटक पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको उनले बताए ।

पर्यटकको आवागमन बढेसँगै महेशपुर नाकामा चहलपहल बढेको छ । यसले होटल, रेस्टुरेन्ट, यातायात सेवा तथा स्थानीय व्यापार-व्यवसायमा सकारात्मक प्रभाव परेको देखिएको छ ।

# सन् २०२५ का चर्चित १० विश्व घटना

मध्यान्ह संवाददाता
काठमाडौं, १७ पुस

ग्रेगोरियन पात्रोअनुसार बिहीबारदेखि इस्वी संवत्को नयाँ वर्ष २०२६ सुरु भइसकेको छ । हामीले सन् २०२५ लाई औपचारिक रूपमा बिदा गरिसकेका छौं । तर सन् २०२५ विश्वका लागि अत्यन्तै विविध कारणले सम्झनलायक वर्ष बनेको छ । निरन्तर चलिरहेका युद्धहरू, प्रविधिको तीव्र विकास, जलवायु संकट, व्यापारिक तनाव र जेनजी आन्दोलनले वर्षभरी नै चर्चा पाइरहे । प्रस्तुत छ सन् २०२५ मा भएका १० विश्वघटना ।

**ट्रम्पको उदय, विश्व अर्थतन्त्रमा हलचल**

अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रोपटक राष्ट्रपति निर्वाचित भएपछि चीन, मेक्सिको, क्यानडालगायत देशमा ठुलो ट्यारिफ लगाए, जसले विश्व बजारमा हलचल मच्चायो । यसले प्रतिशोधात्मक ट्यारिफहरू निम्त्यायो र सप्लाई चेनमा समस्या ल्यायो । ट्रम्पले ग्रीनल्यान्ड किन्ने धम्की दिए र पनामा क्यानालमाथि दाबी गरे । यो नीतिले विश्व अर्थतन्त्रलाई प्रभावित गऱ्यो, तर अमेरिकालाई फाइदा हुने दाबी गरियो ।

**रुस-युक्रेन युद्ध र शान्ति प्रयासहरू**

रुस-युक्रेन युद्ध २०२५ मा पनि निरन्तर चल्यो, जसले विश्वलाई अस्थिर बनायो । रुसले युक्रेनका शहरहरूमा ठुलो मात्रामा मिसाइल र ड्रोन आक्रमणहरू गऱ्यो, जसले हजारौं सर्वसाधारणको ज्यान लियो र पूर्वाधारहरू ध्वस्त बनायो । रुसले कुर्स्क प्रदेश फिर्ता लियो र अन्य क्षेत्रहरूमा पनि अग्रता कायम राख्यो । वर्षको अन्त्यतिर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच अलास्कामा शिखर वार्ता भयो, जसले शान्ति प्रक्रियालाई अगाडि बढाउने प्रयास गऱ्यो । तर स्थायी सम्झौता हुन सकेन र युद्ध २०२६ मा पनि जारी रहने देखिएको छ । यो घटनाले विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा गम्भीर असर पाऱ्यो ।

**इजरायल-हमासबीच युद्धविराम**

गाजामा चलिरहेको युद्ध २०२५ मा पनि तीव्र रह्यो । वर्षको अन्त्यतिर दोस्रो युद्धविराम सम्झौता भयो, जसअन्तर्गत हमासले बाँकी बन्दीहरूलाई र इजरायलले हजारौं प्यालेस्टिनी कैदीहरूलाई रिहा गऱ्यो । संयुक्त राष्ट्रसंघले गाजामा अन्तर ाष्ट्रिय स्थिरता बल पठाउने प्रस्ताव पारित गऱ्यो । तर हमासले हतियार त्यागेन र इजरायली आक्रमणहरू फेरि सुरु भए । गाजामा मानवीय संकट चरम उत्कर्षमा पुग्यो, लाखौं विस्थापित भए । यो युद्धले मध्यपूर्वमा इजरायलको छिमेकी देशहरूसँग पनि तनाव बढायो । जसमा लेबनान, सिरिया र यमनमा आक्रमणहरू भए ।



**नेपालको जेनजी प्रदर्शन**

सन् २०२५ को सबैभन्दा चर्चित घटनामध्ये एक नेपालको जेनजी (१३ देखि २८ वर्ष उमेर समूहका युवा नेतृत्वको आन्दोलन रह्यो । भ्रष्टाचार र नातावाद, 'नेपो किड्स'- नेताका छोराछोरीको विलासी जीवनको विरोधमा सेप्टेम्बर ८ मा काठमाडौंलगायतका शहरहरूमा जेनजी प्रदर्शन सुरु भयो । जेनजी आन्दोलनमा ७६ जनाको मृत्यु भयो र हजारौं घाइते भए । प्रहरीको गोली लागेर युवाहरू मारिएपछि सेप्टेम्बर ९ मा संसद् भवन, सिंहदरबारलगायत सरकारी भवनहरूमा आगजनी गरियो । सेप्टेम्बर ९ मै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेर नेपालकी पहिलो महिला प्रधानमन्त्री बनिन् । डिस्कर्ड र इन्स्टाग्रामजस्ता प्लेटफर्मबाट संगठित यो आन्दोलनले दक्षिण एसियामा युवा शक्तिको उदाहरण प्रस्तुत गऱ्यो, जसले बंगलादेश र श्रीलंकाका आन्दोलनबाट प्रेरणा लिएको थियो । यो घटनाले नेपालमा नयाँ चुनावका लागि बाटो खोल्यो । नेपालको सेप्टेम्बर आन्दोलनले विश्वव्यापी युवा क्रान्तिको लहर सुरु गऱ्यो । यो आगो अफ्रिका र अन्य क्षेत्रमा फैलियो । मडागास्करमा पानी र बिजुलीको अभावविरुद्ध सुरु भएको प्रदर्शनले राष्ट्रपति आन्द्रि राजोएलिनाको सरकार भत्कायो र नयाँ संक्रमणकालीन सरकार गठन भयो । मोरोक्कोमा शिक्षा र स्वास्थ्य क्षेत्रको असमानताविरुद्ध हजारौं युवा सडकमा उत्रिए, जसले सरकारलाई सुधारका वाचा गर्न बाध्य बनायो । केन्यामा पनि २०२४ को कर वृद्धिविरुद्धको आन्दोलन २०२५ मा निरन्तर रह्यो, जसले भ्रष्टाचार र आर्थिक असमानताविरुद्ध ठुलो दबाब सिर्जना गऱ्यो ।

**एआईको विकास र विश्वव्यापी नियमन**

२०२५ लाई 'एआईको वर्ष' भनियो । ओपनएआईले च्याटजीपीटी-५ रिलिज गऱ्यो, जसले तर्क र स्वायत्ततामा ठुलो प्रगति देखायो । विश्वव्यापी एआई लगानी ३७५ अर्ब डलर पुग्यो । पेरिसमा एआई एक्सन समिट भयो, जहाँ युरोपेली युनियनले २०० अर्ब युरोको 'इन्भेस्ट एआई' कार्यक्रम घोषणा गऱ्यो । संयुक्त राष्ट्रसंघले एआई गभर्नेन्सका लागि नयाँ संयन्त्रहरू सुरु गऱ्यो । बिटक्वाइन पनि नयाँ उचाइमा पुग्यो । तर एआईका जोखिमहरू (जस्तै रोजगारी गुम्ने र गलत सूचना) ले नियमनको माग बढायो ।

**२ हजार वर्षपछि पहिलो गैरयुरोपेली पोप**

पोप फ्रान्सिसको निधनपछि अमेरिकी कार्डिनल रोबर्ट फ्रान्सिस प्रेभोस्ट पोप लियो एक्सब्झिभी चुनिए । यो दुई हजार वर्षपछि पहिलो गैर-युरोपेली पोपको चुनाव थियो, जसले विश्वभरि चर्चाको तुफान ल्यायो ।

जलवायु संकट र मौसमी घटनाहरू

२०२४ सबैभन्दा तातो वर्ष प्रमाणित भयो र २०२५ मा पनि बाढी, आँधी, डढेलो र भूकम्पले विश्वलाई प्रभावित गऱ्यो । क्यालिफोर्नियामा ठुलो डढेलो, युरोपमा तातो लहर र एसियामा बाढीले हजारौंको ज्यान लियो । हरित ऊर्जामा रेकर्ड लगानी भयो र संरक्षित क्षेत्रहरू बढाइयो ।

**चीनको प्रभाव र ब्रिक्सको विस्तार**

२०२५ मा ब्रिक्स समूहले ठुलो विस्तार गऱ्यो, जसमा इन्डोनेसिया पूर्ण सदस्यको रूपमा समावेश भयो- यो दक्षिणपूर्व एसियाको पहिलो देश बन्यो । ब्रिक्समा अब १० पूर्ण सदस्यहरू छन्, जसले विश्व जनसंख्याको आधा र जीडीपीको ठुलो हिस्सा ओगट्छ । चीनले शांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) बैठकहरू र अन्य कूटनीतिक प्रयासहरूमार्फत उदीयमान अर्थतन्त्रहरूलाई एकजुट गऱ्यो ।

**राजनीतिक परिवर्तन र महिला नेतृत्व**

जापानमा सनाए ताकाइची र नामिबियामा नेतुम्बो नान्दी-एनडाइटवाह पहिलो महिला प्रधानमन्त्री बने । धेरै देशमा विवादास्पद चुनाव, कू र परिवर्तन भए । नेपालमा पनि सुशीला कार्की पहिलो महिला प्रधानमन्त्री बनेर इतिहास रचियो ।

२०२५ युद्ध, प्रविधि क्रान्ति, जलवायु चुनौती र विशेष गरी युवा शक्तिको उदयको वर्ष बन्यो । नेपालको जेनजी आन्दोलनले विश्वलाई देखायो कि युवाहरू परिवर्तनको मुख्य शक्ति बन्न सक्छन् । यी घटनाहरूले २०२६ लाई पनि प्रभावित गर्ने निश्चित छ ।

# जनताका सुझाव बुझेर काम गर्दै सन्धिखर्क नगरपालिका

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १७ पुस




अर्घाखाँचीको सन्धिखर्क नगरपालिका तीन वर्षअघि कार्यसम्पादन मूल्यांकनमा देशकै उत्कृष्ट नतिजा हासिल गर्दै नेपालकै प्रथम नगरपालिका घोषित भयो । त्यसपछि नगरपालिकाले विकास-निर्माणका कामहरूलाई तीव्रता दिँदै आएको छ ।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने स्पष्ट नीतिअनुसार नगरपालिकाले नागरिकमैत्री सेवा प्रवाह गर्न थालेको हो । नगरपालिकाले जनताले प्रत्यक्ष देख्ने र बुझ्ने खालका कामहरूलाई प्राथमिकतामा राखेको स्थानीयवासीहरू बताउँछन् ।

स्वास्थ्य, शिक्षा र रोजगारीप्रति संवेदनशील बन्दै सेवा प्रवाह र विकास निर्माणका कामहरू द्रुत गतिमा अघि बढाइरहेको सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए । नगरपालिकाले नागरिकको स्वास्थ्यलाई विशेष केन्द्रमा राख्दै सबै वडामा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । दन्त शिविर, आँखा शिविर, पेट तथा प्यान्क्रियाज रोगसम्बन्धी शिविरलगायत विभिन्न स्वास्थ्य शिविरमार्फत नागरिकहरूको उपचार हुँदै आएको छ । त्यसैगरी, सडक पिच, बजार क्षेत्रमा सडक बत्ती तथा हाईमास्ट लाइट जडान, सुपादेउरालीमा सीसीटीभी जडान, वडा कार्यालय भवन र स्वास्थ्य चौकी निर्माण, सार्वजनिक सम्पत्तिको संरक्षण, सडक चौडा गर्ने, पर्यटकीय क्षेत्र संरक्षण, कृषकलाई उत्पादनको आधारमा अनुदान, सीपमूलक तालिम सञ्चालनलगायतका कामहरू भइरहेका छन् । महिला, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकलगायत लक्षित वर्गलाई घरमै पुगेर सेवा दिने व्यवस्था गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले जानकारी दिए । नगरपालिकाले सबै वडामा समान रूपमा विकास गर्ने नीति अपनाएको उनको भनाइ छ । उपप्रमुख मिश्रा आचार्यका अनुसार नगरपालिकाले सञ्चालन गरेका विभिन्न सीपमूलक तालिम, कृषि, पशुपालन तथा युवालक्षित कार्यक्रमबाट हजारौं नगरवासी लाभान्वित भएका छन् । जेष्ठ नागरिकलाई घर-घरमै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण, कम्बल वितरण, अपांगता परिचयपत्र वितरण तथा एकीकृत घुम्ती शिविरमार्फत सेवा प्रवाह गरिएको वरिष्ठ प्रशासकीय अधिकृत मञ्जु खनालले बताइन् । वडा-वडाबाटै राजस्व संकलन तथा अधिकांश सेवा उपलब्ध गराइएपछि नगरवासीहरू सन्तुष्ट भएका छन् । नगरपालिकाले उद्देश्यविपरीत सञ्चालन भएका तथा लामो समयदेखि निष्क्रिय सहकारी संस्थाहरूलाई नियमन गर्न थालेपछि सहकारीहरू समेत सचेत बनेको प्रमुख प्रशासकीय अधिकृत खनालले बताए । सेवाग्राहीलाई मुस्कानसहित छिटो सेवा दिने अभ्यास सुरु भएपछि कार्यालय पुगेका नागरिकले पाँच मिनेटभन्दा बढी पर्खनु नपरेको सन्धिखर्क-६ का स्थानीय प्रकाश महत्राले बताए ।

नगरपालिकाले अपांगता भएका नागरिकलाई घरमै सामग्री वितरण, नागरिकका गुनासो तथा सुझाव संकलन, कृषक र जेष्ठ नागरिकसँग छलफल, ८० वर्ष माथिका जेष्ठ नागरिकलाई घरमै सम्मान, भ्रष्टाचार नियन्त्रण तथा बैशाखभित्र सबै योजना सम्पन्न गर्ने लक्ष्यसहित काम गरिरहेको योजना अधिकृत दिलिप केसीले जानकारी दिए । योजनाको अनुगमन निरीक्षणमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि तथा विभिन्न शाखाका कर्मचारीहरू सक्रिय रूपमा संलग्न रहेको राजस्व शाखा प्रमुख मुक्ति राम खनालले बताए ।

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृतगर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०९/१८)

दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम मिति २०८२/०८/०८ मा विद्युतीय बोलपत्र खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरू खोली मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्याङकित सारभुतरूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | खरिद न. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूलकवोल अंक रू (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/W/R/04/2082/083 | Tikepatal Ratamata Netapipal Road Improvement and Rehabilitation | O.H.H.S Construction and Suppliers, Chaurjahari-02, Rukumwest | 44,58,996.48 |

प्रमुख प्रशासकीय अधिकृत

VACANCY
ANNOUNCEMENT

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

WE'RE HIRING

Manager - 1 (Female)
- म्यानेजरको हकमा म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।

Kitchen Staff - 1 (Female)

Maharajgung, Kathmandu
Tel : 9851022840

Jahada Rural Municipality
Office of the Rural Municipal Executive
Morang , Koshi Province, Nepal

Invitation For E-Bid

First Date of Publication: 18th of Poush, 2082

1. Jahada Rural Municipality, Office of the Rural Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount(Rs.) (With VAT & PS but excluding contingencies) | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/NCB/082/83-20 | Nepal Manab Dharma Sewa Samiti Ashram Nirman, Jahada-1 | 22,26,440.22 | 3000.0 | 2:00 PM. on 2082/10/07. | 12:00 PM. on 2082/10/19. | 2:00 PM. on 2082/10/19. | 55,000.00 |

For other details please visit bolpatra.gov.np/egp
Contact: 9820730035, 9820730031

Roshan Kumar Gupta
(Chief Administrative Officer)

मध्यान्ह
www.madhyanhadaily.com
१८ पुस २०८२ शुक्रबार
2 January 2026 Friday

## सम्पादकीय

# रोजगारी बढाउने योजना अघि बढाऊ

अहिले नेपालको सबैभन्दा ठुलो समस्या बेरोजगारी हो। यो केवल रोजगारी नपाउने विषयसँग मात्र सीमित छैन। यसले युवा पुस्तामा असन्तुष्टि, निराशा र आक्रोश जन्माएको छ। आज हजारौं युवा पढाइ सकेर पनि काम नपाउने अवस्थामा छन्। यही कारण देशभित्र भविष्य नदेखेर वैदेशिक रोजगारी रोज्न बाध्य छन्। मुलुक संघीयतामा प्रवेश मुख्य राजनीतिक दल र सरकारले रोजगारी सुनिश्चितताको सपना देखाएका थिए। साते प्रदेशमा विशेष औद्योगिक क्षेत्र स्थापना गर्ने योजना पनि ल्याइयो। ती उद्योगबाट १० लाखलाई प्रत्यक्ष र ४० लाखलाई अप्रत्यक्ष रोजगारी दिने दाबी गरियो। २०७२ सालको भूकम्प र भारतीय नाकाबन्दीले थलिएको देशलाई उठाउने आशाका रूपमा यो योजना प्रस्तुत गरिएको थियो। संविधान जारीसँगै जनतामा भरोसा जगाउन यी घोषणाले ठुलो भूमिका खेलेका थिए। सरकारले औद्योगिक क्षेत्र स्थापना गर्ने स्थानसमेत तोकेको थियो। झापाको दमक, सर्लाही, हेटौंडा, शक्तिखोर, लेखनाथ, मोतीपुर, सुर्खेत, जुम्ला र कञ्चनपुरको दैंजीसम्म उद्योग फैलाउने भनिएको थियो। तर एक दशक बितिसक्दा पनि यी योजना कार्यान्वयनमा आएका छैनन्। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले बजेट अभाव, जग्गा अतिक्रमण, वन क्षेत्रको समस्या र अव्यवस्थित बस्तीलाई कारण देखाउँदै आएको छ। तर यति लामो समयसम्म कुनै ठोस प्रगति नहुनुले हाम्रा योजना कार्यान्वयनको क्षमतामाथि नै गम्भीर प्रश्न उब्जाइदिएको छ।

एउटा औद्योगिक क्षेत्र बनाउन ५ अर्बदेखि ३० अर्ब रूपैयाँ लाग्ने अनुमान छ। तर सरकारले आवश्यक बजेट कहिल्यै प्राथमिकतामा राखेको छैन। सार्वजनिक–निजी साझेदारीको कुरा गरिए पनि जग्गा नै सुनिश्चित नगर्दा निजी क्षेत्र आकर्षित हुन सकेको छैन। यस्तै, अवस्था कृषि क्षेत्रको पनि छ। प्रदेशअनुसार विशेष उत्पादन गर्ने योजना घोषणा भयो। झापामा धान, बारामा माछा, काभ्रेमा आलु, कास्कीमा तरकारी, दाङमा मकै, जुम्लामा स्याउ र कैलालीमा गहुँलाई प्राथमिकता दिने भनियो। तर ती निर्णय कागजमै सीमित भए। किसानलाई पेन्सन दिने योजना पनि कार्यान्वयन भएन। यी सबै योजनाको मूल उद्देश्य रोजगारी सिर्जना गर्ने र प्रोत्साहन गर्ने नै थियो। तर योजना अलपत्र पर्दा बेरोजगारी झनै बढ्दै गयो। यसको प्रत्यक्ष असर युवामा परेको छ। जसका कारण बेरोजगारी आर्थिक मात्र नभई सामाजिक र राजनीतिक समस्या बन्न पुगेको छ। युवामा आशा मरेपछि देशको भविष्य अन्धकार हुन्छ। अब सरकारले नयाँ सपना देखाउने मात्र होइन, पुराना योजना द्रुत गतिमा कार्यान्वयनतर्फ लाग्नुपर्छ। लाखौंलाई रोजगारी दिने आयोजना अघि बढेको सन्देशले मात्र पनि युवा पुस्तामा आशाको सञ्चार हुनेछ।

# राजनीतिमा मौनताको सीमा

*सत्ताले जब अपराधीको संरक्षण गर्छ, त्यसको फल भोग्न तयार हुनुपर्छ। मतदानबाट मत बुझ्ने काम नभएपछि असन्तोष हुन्छ। आलोचना खप्न नसकेपछि हुने विद्रोह नै हो, फलतः सिंहदरबारसमेत निशाना बन्यो।*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

मौनताको सीमा नाघेपछि नै जेनजीहरूले देशमा आन्दोलन गरेका हुन्। चुनाव अघि ल्याउन मात्रै होइन, चुनावबाट देशको समस्या हल पनि हुँदैन। रोग पत्ता नलगाई औषधि गर्नुको अर्थ पनि केही हुँदैन। देशमा चुनावको भव्य तयारी हुँदैछ, मानौं यो राजनीतिक उद्योगले देश समृद्ध हुन्छ। बाँकी उद्योगहरू त बन्दप्रायः नै छन् र त देशबाट सोहोरिँदै नेपालीहरू खाडी झर्दैछन् र बाकसबन्दीमा पनि धेरै परेका छन्। जेनजी विद्रोहपछि देश चुनावमा जाँदैछ तर जेनजीको चाहना चुनाव मात्रै थिएन, चुनावपछि देखिनु पर्ने अनुशासन पनि थियो। सायद यसैलाई सबैले सुशासन भन्लान् वा देशले लामो समय भ्रष्टाचारमुक्त प्रशासन र समावेशी समाज खोजेको होला। तर, देशमा व्याप्त भ्रष्टाचार मौलाउँदै आउँदा इतिहास नै मेटिने गरी आन्दोलनको जेहाद छेडिएको यो पहिलोपल्ट होइन, दशकौंपिच्छे छ।

२०४७ सालको संविधान सायद नेपालीले बनाए होलान्, २०५२ पछि काम लागेन, २०६२ त धुजा नै भयो। अन्तरिम आयो, पूर्ण भनिएको संविधान २०७२, २०८२मा पुग्दा जुक्तिले जोगियो भनिएको छ। जोगाउनेहरू हामी नै हौं कि अरू छन् स्पष्टै छ। नेपालमा रहेका चिनियाँ र अमेरिकी राजदूतहरू अहिले फिर्ता बोलाइएका छन्, सायद भाद्र २३ र २४ को आकलन तिनले गर्न सकेनन्। सहकारीका रवि धरौटीमा छुटेका छन् भने उनी र महानगर प्रमुखको रात्रि वार्तापछि शीतल निवासलगायत पुराना नेताहरू तातेका छन् अहिले, प्रतिशोधको खाग बाँकी छ होला त्यहाँ। राष्ट्रपति आफैंले शीतल निवासमा दलहरूलाई बोलाई वार्ता गर्नु अनि निर्दलीय प्रधानमन्त्री बाहिर गएपछि दलहरूसँग बसेर शीतल निवासले कुराकानी गर्नुलाई पनि विश्लेषकहरूले अर्थपूर्ण रूपमा लिएका छन्। जुक्तिले संविधान जोगाउन उनी नै लागिपरेका होलान्।

अहिलेसम्म राष्ट्रपति दलकै भएका हुन्, पार्टीकै, गुटकै, उपगुटकै राजनीति चलिरहेको हो, २०४६ देखि नै सायद २०६२ पछि शीतल निवास पनि यही पाराले चलेको हो। नेपालीले शीतल निवास देशकै चाहेका हुन्। बालुवाटार र सिंहदरबार अनि शीतल निवासलगायत च्यासल, खुमलटार, बूढानीलकण्ठका दरबारहरू जल्नु पनि विद्रोह हो, यसको पराकाष्ठा हो, असन्तोष हो। यो बुझेर अब ती सबैले सत्तामोहमा नफर्किंदा राम्रो हुन्थ्यो। छन् विरासतका कोही भने आफन्त नयाँ अरू कसैलाई नेतृत्व दिँदा राम्रो हुन्थे होला, तर महाधिवेशनहरूले त्यो भनेका छैनन्। हुँकारको शैली यथावत् छ र संसद् पुनर्स्थापनाको मागमा प्रायः पुराना सबै एक ठाउँमा आएका छन्। उनीहरूलाई थाहा छ नयाँ अनुहार लिएर फागुन २१ मा मतदाताको निवास जाने अवस्था छैन। जेनजी आन्दोलन नेतृत्वप्रतिको विस्फोट थियो, मौनताको हद हुन्छ। देशबासीलाई रैती बनाउने दलहरूको विश्राम चाहेका छन् अहिले मतदाताहरूले।

जनतामा सत्ताप्रतिको व्यापक असन्तोष छ। उपभोक्ताहित कहिल्यै भएन देशमा। संयन्त्रहरू सत्तामुखी र भत्तामुखी भए, खर्चिला भए, दोहन गर्न माहिर भए र त देशैभरि बेरुजु बढ्यो। संवैधानिक आयोगहरूले वार्षिक प्रतिवेदन तयार गरे, तर अनुगमन भएन। मानव अधिकार कुण्ठित भयो, शिक्षा र स्वास्थ्य क्षेत्र निरीह जस्तै भयो। पैसा कमाए, सेवा दिएनन्। सबैजसो झोले भए-दलकै र उद्यमी, व्यापारीहरूले



आफ्नो धर्म कम, दल र नेताप्रतिको इमान्दारिता र वफादारिता बढी देखाए र निजी क्षेत्रका उद्यमी व्यवसायीहरूप्रति पनि लक्षित भयो भाद्रको आन्दोलन।

सत्ताले जब अपराधीको संरक्षण गर्छ, त्यसको फल भोग्न तयार हुनुपर्छ। मतदानबाट मत बुझ्ने काम नभएपछि असन्तोष हुन्छ। आलोचना खप्न नसकेपछि हुने विद्रोह नै हो, फलतः सिंहदरबार समेत निशाना बन्यो। ऐतिहासिक सिंहदरबार बचाउन नसक्नेले देशको मुहार फेर्छु, मलाई भोट दिनूस् भन्दै घरआँगनीमा पुग्नु भनेको लाजको घुम्टो कति पनि बाँकी नरहनु नै हो। जब अन्याय बढ्छ देशमा, दरबार नै कारागार बन्न पुग्छ। नेता सुरक्षित, देश असुरक्षित, जनता असन्तोषी र असुरक्षित राख्यो हाम्रो लोकतन्त्रले। यसलाई लोभतन्त्र भन्नुपर्छ, भोकतन्त्र पनि। संसारमा एकै खालको लोकतन्त्र कहीँ टिकेको छैन। आदर्श यसको राम्रो थियो, प्रयोग ठीक भएन। व्यवहारमा लोकतन्त्र कहिल्यै कतै आएन। बरु संसद्मा ह्विपतन्त्र आयो। टेबल ढ्यापढ्याप पारियो, के पारित भयो निद्रामा कसैले पत्तो पाएन। देश निरपेक्ष मात्रै भएन, सीमा कता छ थाहै भएन। असंलग्नताको नीति कता गयो त्यो पनि थाहा भएन। विदेशीहरूले देशलाई बगैंचा बनाए, गोडमेल गर्न सकेनन्। लोकतन्त्र माटो सुहाउँदो हुन जरुरी छ।

'माओ' नाम भजाउनेहरू नै अब आफूले नाम बदलिसकेका छन्, नेपाली राखेका छन् यतिबेला। राख्नुपर्ने थियो वाउन्नअघि नै। देश थंगथिलो पार्नेहरूलाई इतिहासले धिक्कार्ने छ। कति सुन्दर देश कति कुरूप भइसकेको छ अझै हेक्का भएन। पश्चाताप छैन, आत्मग्लानि छैन, पछुतो छैन। जनतालाई हामीले ढाँटेका थियौं, अब राम्रो गर्छौं, एकपल्ट-दुईपल्टका लागि माफ गर्नूस्- यो भन्नुपर्ने थियो तर छैन। अझै पुरानाहरू एकजुट हुन खोजिरहेका छन्, विरोधीहरूलाई मास्नका लागि। अब सबै नयाँहरू मिलेर पुरानालाई बढार्नु पर्ने बेला आएको छ। सत्ताले प्रतिपक्षी नै राखेन। मिलीजुली रापिलो भयो, ऋण बोकायो, व्यापारघाटा बढायो, उत्पादन घटायो, कृषियोग्य जमिन भूमाफियाहरूको कब्जामा लग्यो, नयाँ पुस्तालाई विप्रेषणको लोभमा खाडी धकेल्यो, चलेका उद्योग-कलकारखाना बिक्री गर्‍यो, सार्वजनिक जग्गा, भवन

> *व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका विफलताको संकेत हो- भाद्रको आन्दोलन। सबैजसो ठुला राजनीतिकर्मीहरूप्रतिको आक्रमण भनेको तीप्रतिको अविश्वास हो। यो केवल भौतिक आक्रमण मात्रै नभएर तीप्रतिको विदाइको झलक नै हो।*

अतिक्रमण गर्‍यो, बागमती लगायतका नदी-नालाहरू प्रदूषित बनायो, जल-जंगलप्रतिको मोह नै देखाएन, महँगी चरम सीमामा लग्यो। अहिले विदेशी मुद्रा डलरको भाउ तीव्र वृद्धिले नेपाली मुद्रा इतिहासमै ठुलो अवमूल्यन भएको छ। निकासीयोग्य आफ्नै सामान भएको भए यसमा सन्तुलन मिलाउन सकिन्थ्यो तर उत्पादन छैन, केवल व्यापार, त्यो पनि आयात व्यापार छ र त दिनदिनै नेपालीहरूको क्रयशक्ति घटिरहेको छ, बेरोजगारी दर बढिरहेको छ।

व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका विफलताको संकेत हो- भाद्रको आन्दोलन। सबैजसो ठुला राजनीतिकर्मीहरूप्रतिको आक्रमण भनेको तीप्रतिको अविश्वास हो। यो केवल भौतिक आक्रमण मात्रै नभएर तीप्रतिको विदाइको झलक नै हो। अब त्यस्तो आन्दोलन हुन नदिन यी सबैप्रति व्यक्ति र संस्थाप्रति पुनर्विचार गर्नुपर्छ र विदा गरिनुपर्छ। संयन्त्रहरूलाई चोखो राख्न कर्म पनि तिनको चोखो हुन जरुरी छ।

## इतिहासमा आज


२ जनवरी १९८८ मा टर्कीको सेफेरिहिसार नजिकै कन्डोर फ्लुग्डिएन्स्ट फ्लाइट ३७८२ दुर्घटनाग्रस्त हुँदा १६ जनाको मृत्यु भएको थियो।



२ जनवरी १९९३ मा श्रीलंकाली गृहयुद्धका बिच श्रीलंकाली नौसेनाले जाफ्ना लगुनमा विद्रोहीलाई सहयोग गरेको नाममा १०० सर्वसाधारणको हत्या गरेका थिए।



२ जनवरी २०२२ मा तरल पेट्रोलियम ग्यासको मूल्यमा अचानक वृद्धि भएकोमा काजाकिस्तानमा व्यापक राष्ट्रव्यापी विरोध र अशान्ति फैलिएको थियो, जसको परिणामस्वरूप जनवरी ११ सम्ममा २३८ जनाको मृत्यु भयो र हजारौं घाइते भए।



२ जनवरी २०२४ मा टोकियोको हानेदा विमानस्थलको धावनमार्गमा दुई विमान ठोक्किँदा, जसमा ५ जनाको मृत्यु भएको थियो भने १८ जना घाइते भएका थिए।




# प्राविधिक शिक्षा र आत्मनिर्भर अर्थतन्त्र

विचार



● रामप्रसाद पौडेल

> *प्राविधिक शिक्षा केवल सीप आर्जनको माध्यम होइन, यो सम्मानित जीवन, आत्मनिर्भरता र राष्ट्र निर्माणको सशक्त आधार हो। यही माध्यमबाट मात्र नेपालले दिगो विकास र समृद्ध भविष्य सुनिश्चित गर्न सक्छ।*

नेपालको शिक्षा प्रणाली लामो समयसम्म केवल सैद्धान्तिक ज्ञानमा केन्द्रित रहँदै आएको छ। पाठ्यपुस्तकको ज्ञानले सोच्न त सिकाउँछ, तर जीवन चलाउन, समस्या समाधान गर्न र स्वावलम्बी बन्न आवश्यक सीप प्रदान गर्न सक्दैन। यसको परिणामस्वरूप शिक्षित बेरोजगारी बढ्दै गयो, युवाशक्ति रोजगारीको खोजीमा विदेशिन बाध्य भयो र राष्ट्रिय अर्थतन्त्रले अपेक्षित लाभ लिन सकेन। आजको युगमा आवश्यक छ- केवल पढ्ने शिक्षा होइन, गर्ने र सिर्जना गर्ने शिक्षा, जसले व्यक्तिलाई आत्मनिर्भर बनाउने र राष्ट्रलाई आर्थिक रूपमा सुदृढ बनाउने क्षमता राख्छ। यही आवश्यकता पूरा गर्ने प्रभावकारी माध्यम हो- प्राविधिक शिक्षा।

२०४५ सालमा स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) नेपालको प्राविधिक शिक्षा प्रणालीको मेरुदण्ड बनेको छ। यसको मूल उद्देश्य केवल दक्ष जनशक्ति उत्पादन गर्नु मात्र नभई रोजगारी सिर्जना गर्दै राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउनु हो। सिटिइभिटी अन्तर्गत सरकारी, सामुदायिक तथा निजी साझेदारीमा देशभर सयौं प्राविधिक विद्यालय र तालिम केन्द्रहरू सञ्चालनमा छन्। स्वास्थ्य, इन्जिनियरिङ, कृषि, सूचना प्रविधि, होटल व्यवस्थापन, निर्माण तथा अटोमोबाइलजस्ता क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूले युवाहरूलाई रोजगारीयोग्य र आत्मनिर्भर बनाउने सीप प्रदान गरेका छन्। यसले विदेशिन बाध्य युवाशक्तिलाई स्वदेशमै सीप प्रयोग गर्ने अवसर दिएको छ।

सिटिइभिटीले समय र आवश्यकताअनुसार ३ महिनाका छोटो तालिमदेखि १८ महिनाको प्रि-डिप्लोमा र ३ वर्षे डिप्लोमा तहसम्मका कार्यक्रम सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरूले विद्यार्थीलाई कम समयमा व्यवहारिक सीप हासिल गर्ने अवसर प्रदान गर्छन्, जसले छिटो रोजगारी वा स्वरोजगारीमा प्रवेश गर्न मद्दत पुर्‍याउँछ। नेपालमा विकास निर्माण, स्वास्थ्य सेवा, कृषि, उद्योग तथा साना-मझौला सेवा क्षेत्रमा दक्ष प्राविधिक जनशक्तिको अभाव अझै गम्भीर चुनौतीका रूपमा रहेको छ। प्राविधिक शिक्षा यही चुनौतीको समाधान र आर्थिक विकासको सशक्त उपकरण हो।

स्वास्थ्य क्षेत्रका प्राविधिक कार्यक्रमहरू सबैभन्दा आकर्षक, भरपर्दा र रोजगारीमुखी मानिन्छन्। सिटिइभिटीले सञ्चालन गरेका स्टाफ नर्स, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, हेल्थ असिस्टेन्टजस्ता कार्यक्रमहरूले हजारौं युवायुवतीलाई देशभित्रै रोजगारी तथा स्वरोजगारीको अवसर उपलब्ध गराएका छन्। सरकारी तथा निजी अस्पताल, स्वास्थ्य चौकी, क्लिनिक, डायग्नोस्टिक सेन्टर र मेडिकल पसलहरूको संख्या बढ्दै गएकाले दक्ष स्वास्थ्य जनशक्तिको माग निरन्तर बढिरहेको छ। स्टाफ नर्स र हेल्थ असिस्टेन्टहरू दुर्गमदेखि शहरी क्षेत्रसम्म अनिवार्य बन्दै गएका छन्। फार्मेसी अध्ययन गरेका युवाहरूले आफ्नै मेडिकल पसल सञ्चालन गरी आत्मनिर्भर बन्ने अवसर पाएका छन् भने मेडिकल ल्याब र रेडियोग्राफी प्राविधिकहरू अस्पताल तथा डायग्नोस्टिक सेन्टरहरूमा सहजै समाहित भएका छन्।


विभिन्न तथ्यांकअनुसार स्वास्थ्य क्षेत्रका प्राविधिक कार्यक्रम पूरा गरेका करिब दुई तिहाइ विद्यार्थीहरू अध्ययनपछि छोटो समयमै रोजगारीमा संलग्न हुने गरेका छन्, जुन प्राविधिक शिक्षाको उल्लेखनीय उपलब्धि हो। प्राविधिक शिक्षा केवल रोजगारीको साधन मात्र होइन, रोजगारी सिर्जना गर्ने आधार पनि हो। सीपयुक्त युवाहरूले क्लिनिक, वर्कशप, कृषि फार्म, होटल, आईटी सेवा केन्द्र तथा निर्माणसम्बन्धी साना-मझौला उद्यम सञ्चालन गरी अरूलाई समेत रोजगारी दिन सक्छन्। यसले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी दिशातर्फ उन्मुख गर्न सहयोग पुर्‍याउँछ।

स्वदेशमै सीप प्रयोग गर्दा श्रमको मूल्य देशमै रहन्छ, वैदेशिक निर्भरता घट्छ र कर राजस्व बढ्छ। यसले सरकारी विकास कार्यक्रमको लागत घटाउने र राष्ट्रिय अर्थतन्त्रको दिगोपना सुनिश्चित गर्ने कार्य गर्छ। त्यसैले प्राविधिक शिक्षालाई राष्ट्र निर्माणको आर्थिक मेरुदण्डका रूपमा विकास गर्न ढिलाइ गर्नु हुँदैन। जब युवाहरू स्वदेशमै दक्ष सीप प्रयोग गरी स्वरोजगारी र उद्यमशीलता अपनाउँछन्, तब मात्र राष्ट्रिय अर्थतन्त्र दिगो विकासको मार्गमा अघि बढ्छ। जलविद्युत्, सडक, भवन निर्माण, स्वास्थ्य र पर्यटनजस्ता क्षेत्रमा प्राविधिक जनशक्तिको अभावका कारण विकास प्रक्रिया सुस्त भइरहेको छ। प्राविधिक शिक्षा प्राप्त युवाशक्ति स्वदेशमै सक्रिय भएमा मात्र यी क्षेत्रमा उत्पादन वृद्धि, रोजगारी सिर्जना र अर्थतन्त्रको मजबुती सुनिश्चित हुन्छ।

प्राविधिक शिक्षा आजको आवश्यकता मात्र होइन, भोलिको समृद्ध नेपालको आधार हो। सिटिइभिटीका छोटो, मध्यम तथा दीर्घकालीन कार्यक्रमहरूले दक्ष जनशक्ति उत्पादन गर्दै देशभित्रै रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गरिरहेका छन्। अब युवाहरूले विदेशमुखी सोचभन्दा पहिले स्वदेशमै सम्भावना खोज्ने दृष्टिकोण विकास गर्न आवश्यक छ। प्राविधिक शिक्षा केवल सीप आर्जनको माध्यम होइन, यो सम्मानित जीवन, आत्मनिर्भरता र राष्ट्र निर्माणको सशक्त आधार हो। यही माध्यमबाट मात्र नेपालले दिगो विकास र समृद्ध भविष्य सुनिश्चित गर्न सक्छ।

देशको आर्थिक विकासका लागि आधुनिक सामूहिक कृषि प्रणाली, उद्योग, उद्यमशील संरचना तथा जल, जंगल र जडीबुटीको दिगो व्यवस्थापन अपरिहार्य छ। आयात घटाई स्थानीय उत्पादन प्रवर्द्धन गर्दा आत्मनिर्भरता बढ्छ। प्रविधि, दक्ष जनशक्ति र नवप्रवर्तनको संयोजनले दिगो आर्थिक वृद्धि, वातावरणीय संरक्षण र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुर्‍याउँछ। प्राविधिक शिक्षालाई दिगो आर्थिक आधारका रूपमा स्थापित गर्न मानव पूँजी विकासलाई केन्द्रमा राखी श्रम बजारसँग आबद्ध पाठ्यक्रम, उद्योग-शिक्षा एकीकरण, अनुसन्धान तथा नवप्रवर्तनमा सार्वजनिक लगानी, क्षेत्रीय समान पहुँच, सीप प्रमाणीकरण र उद्यमशीलता प्रवर्द्धनसम्बन्धी सुसंगत नीति आवश्यक छ। यसले उत्पादकत्व, प्रतिस्पर्धात्मकता र संरचनात्मक रूपान्तरणलाई सुदृढ बनाउँछ।

## सामाजिक सञ्जाल



**किशोर नेपाल**

यो 'समानुपातिक' भन्ने के उल्का रहेछ? बुझ्न सकिएको थिएन। अहिले खुलस्त भयो। यसको छनोट दलका ठुला नेताका आफन्त र आसेपासेबाट हुने रहेछ। कवि शिरोमणि लेखनाथ पौड्यालको कविता सटीक रहेछ : बडाले जे गर्‍यो काम हुन्छ, त्यो सर्वसम्मत। छैन शंकरको नंगा, मगन्ते भेष निन्दित!




**हरि रोका**

समानुपातिक सांसद कोटा वितरण पुरानै नेतृत्वको वर्चस्वमा, प्रत्यक्ष निर्वाचन टिकट वितरण चयन र साझेदारी खोज्ने जिम्मा पुरानै नेतृत्वले गरेपछि चार वर्षे कार्यकालका लागि पार्टी महाधिवेशन छानेको नेतृत्वले झक मार्ने? मुलुकको वयोवृद्ध लोकतान्त्रिक पार्टीको हविगत। जयहोस् मेलमिलाप कर्मकाण्ड!



**गोकुल बाँस्कोटा**

समानुपातिक कोटामा आफूलाई शक्तिशाली र लोकप्रिय ठान्ने नेता नै पटक पटक बसे पछि यो प्रणालीको विरोध हुनु स्वभाविक हो। अझ तिनै रुख र सूर्य मिलेर चुनावमा जानु पर्छ भन्छन्। रुख-सूर्य मिलेपछि चुनाव लडे भो त। अहिले नाम फिर्ता लिए हुन्छ पटके समानुपातिकले। समावेशीताकै बेइज्जेत नगर के-त्यो पनि पुरुषले।



**रञ्जित तामाङ**

एमालेमा कोमल ओली दोहोरिए, एकनाथ ढकाल दोहोरिएन। संविधान सभामा राजतन्त्र फर्काउन लड्नु भएकी कोमल ओली दिज्यूलाई दोहोर्‍याएर समानुपातिक उपहार दिँदा क्रिश्चियन धर्मका प्रचारक र होली वाइनका संवाहक नेपाल परिवार दलको अध्यक्ष एकनाथ ढकाल साप ठन्डाराम! किन यस्तो भयो? जनता जान्न चाहन्छन्।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# पत्रकार महासंघ ललितपुरद्वारा 'सम्राट आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना

**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १७ पुस



कलम, चेतना र समाजप्रतिको उत्तरदायित्वलाई जीवनको मूल मन्त्र मान्ने एक युवा पत्रकार अब हामीमाझ छैनन् । तर उनका शब्द, सपना र संघर्षलाई जिवन्त राख्ने प्रयासस्वरूप 'सम्राट आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ । नेपाल पत्रकार महासंघ, ललितपुर शाखा र सम्राट आचार्यका पिता मुक्तिनाथ आचार्यबीच ललितपुर जिल्लाका क्रियाशील पत्रकारलाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त पुरस्कार स्थापना गर्न सहमति गरिएको हो । बुधबार ललितपुरको महालक्ष्मीस्थानमा आयोजित एक कार्यक्रमबीच महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्की र मुक्तिनाथ आचार्यले अक्षयकोष स्थापनासम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरे ।

कार्यक्रममा उपस्थितहरूका लागि त्यो क्षण केवल औपचारिकता मात्र थिएन, त्यो एक छोरा, एक पत्रकार र एक सपनाको स्मृतिलाई सम्मान गर्ने मौन प्रतिज्ञाजस्तै थियो । महासंघ ललितपुर शाखाले प्रत्येक साधारण सभामा उक्त पुरस्कार प्रदान गर्ने जनाएको छ। सहमतिअनुसार ललितपुर शाखासँग आबद्ध क्रियाशील पत्रकारहरूको वार्षिक कार्य मूल्यांकनका आधारमा उत्कृष्ट पत्रकारलाई पुरस्कार प्रदान गरिनेछ । यसका लागि मुक्तिनाथ आचार्यले दुई लाख ५० हजार रुपैयाँ उपलब्ध गराएका छन् भने महासंघ ललितपुर शाखाले थप ५० हजार रुपैयाँ गरी तीन लाख रुपैयाँको अक्षयकोष निर्माण गरिएको छ ।

अक्षयकोषबाट प्राप्त हुने ब्याज रकमबाट मात्र पुरस्कार वितरण गरिने महासंघ ललितपुर शाखाका सचिव दीपक अर्यालले जानकारी दिए। उनका अनुसार पुरस्कार स्वर्गीय सम्राट आचार्यको स्मृतिमा स्थापना गरिएको हो । सम्राट 'युवा आलोक मासिक' पत्रिकाका सम्पादकका रूपमा चिनिन्थे, जहाँ उनले कलममार्फत समाजका पीडा र यथार्थलाई उजागर गर्ने प्रर्यत्तन गरेका थिए। यो पुरस्कार विशेष रूपमा क्यान्सर रोगका विषयमा कलम चलाउने तथा सोसम्बन्धी अनुसन्धानात्मक लेख लेख्ने पत्रकारलाई प्रदान गरिनेछ । क्यान्सरले नै जीवन समाप्त गरेको एक पत्रकारको स्मृतिमा क्यान्सरविरुद्ध सचेतना फैलाउने पत्रकारितालाई सम्मान गर्ने निर्णयले कार्यक्रममा उपस्थित धेरैको मन छोयो ।

कार्यक्रममा बोल्दै अग्रज पत्रकार प्रभुनारायण बस्नेतले पुरस्कारको रकमभन्दा पनि यसको भावनात्मक मूल्य उच्च रहेको बताए । 'सम्राट अब हामीमाझ छैनन्, तर उनको सम्झनामा परिवारले गरेको यो पहल समाजका लागि अनुकरणीय छ,' उनले भने,'यदि उनको स्मृतिमा स्मृति पुस्तक प्रकाशन गर्न सकियो भने त्यो अझ अर्थपूर्ण हुनेछ ।'

सम्राटका पिता तथा अग्रज पत्रकार मुक्तिनाथ आचार्यले छोरा सम्राटले 'युवा आलोक' मासिक पत्रिकामा रहँदा पत्रकारितामा देखाएको प्रतिबद्धता सम्झिँदै भावुक भए। 'समाजका लागि केही गर्नुपर्छ भन्ने हुटहुटी उसमा सधैं थियो,'उनले भने,'उसको जन्मोत्सवको अवसर पारेर यो पुरस्कार स्थापना गर्नु नै उसको सपनाप्रति सानो श्रद्धाञ्जली हो ।'

स्वर्गीय सम्राट आचार्यको गत पुस १६ गते २७ वर्षको उमेरमा क्यान्सर रोगका कारण निधन भएको उनका दाजु समर्पण आचार्यले जानकारी दिए ।

अल्पायुमै अस्ताएका सम्राटका सपनाहरू अब अरू पत्रकारहरूको कलममार्फत बाँचिरहने विश्वास परिवारले व्यक्त गरे। एक जीवन छोटो रहन सक्छ, तर उद्देश्य र स्मृति अक्षय हुन्छन्। 'सम्राट आचार्य स्मृति पत्रकारिता पुरस्कार' त्यही अक्षय स्मृतिको एउटा उज्यालो उदाहरण बनेको छ ।

# दुर्घटनामा ज्यान गुमाएका तामाङको परिवारलाई सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ पुस

काठमाडौंमा सडक दुर्घटनामा मृत्यु भएका संखुवासभाको चैनपुर नगरपालिका खाम्लिङ-९ निवासी अनिल तामाङको परिवारलाई आर्थिक सहयोग गरिएको छ । संखुवासभा समाज कतारले मृतक तामाङको बालबच्चाको लालनपालनमा सहज होस् भन्ने हेतुले १ लाख २० हजार रुपैयाँ वडा अध्यक्ष शान्तिबहादुर कार्कीको रोहबरमा मृतककी श्रीमती सज्जमाया तामाङलाई हस्तान्तरण गरेको हो ।

समाजमा विभिन्न व्यक्तिहरूबाट संकलित रकम जम्मा गरी सहयोग पठाइएको समाजका अध्यक्ष बिरेन मादेनले बताए । समाजले बालबालिकाको भविष्यका लागि आवश्यक परेमा थप सहयोग जुटाउन पहल गर्ने जनाएको छ । ४ जना सन्तानका पिता रहेका तामाङले काठमाडौंमा रोजगारी गर्दै आफ्नो जीवनयापन चलाउँदै आए पनि केही समय पहिले दुर्घटनामा ज्यान गएपछि परिवार निकै अप्ठ्यारोमा परेको समाजका महासचिव शिवकुमार खत्रीले बताए। केही समय पहिले समाजले आगलागीबाट पीडित चैनपुर-४ मैदानेको एक परिवारलाई १९ हजार ९ सय रुपैयाँ आर्थिक सहयोग गरेको थियो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/१८**

मिति २०८२/०८/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **विराट मिथिला एजुकेशन कन्सल्टेन्सी**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एजुकेशन केयर कन्सल्टेन्सी (प्रा. लि. नं.: २३०३१०)** कायम गर्ने गरी मिति २०८२/०९/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना

लेटाङ नगरपालिका आ.व. २०८२/०८३ मा (Purchase of Free Medicines, Surgical materials and Laboratory Chemicals) का लागि २०८२/०७/२५ मा बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तपसील बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसील

| क्र.सं. | ठे. नं. | कार्य विवरण | घटी कबोल गर्ने आपूर्तिकर्ताको नाम | ठेगाना | बोलपत्र/दरभाउपत्रमा घटी कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/G/2082-83/03 | Purchase of Free Medicines and laboratory Chemicals | गिताश्विवनी प्रोमेड प्रा.लि. | बुढानिलकण्ठ-८, काठमाण्डौं | 15,62,531.67 |

प्रमुख प्रशासकीय अधिकृत

## ढकारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/०९/१८)

उपरोक्त सम्वन्धमा यस कार्यालयको तर्फबाट आ.व. २०८२/०८३ विभिन्न परियोजनाहरुको निर्माण कार्यको लागि २०८२/०७/२७ गते नेपाली राष्ट्रिय दैनिक हिमालय टाइम्स पत्रिकामा प्रकाशित सूचना अनुसार बिद्युतीय खरिद प्रणाली (e-GP) मार्फत पेश भएका DRM/NCB/WORK/01/2082/2083, DRM/NCB/WORK/02/2082/2083 को बोलपत्र मध्ये तपशिल वमोजिमका बोलपत्र दाताहरुको कबोल न्युन मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले मुल्यांकन समितिबाट स्वीकृतीका लागि छनौट भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को प्रयोजनको लागि यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिक छ ।

| क्र.सं | ठेक्का नं र नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल काम कैफियत रू (मु.अ.क. र पिएस सहित | कैफियत |
|---|---|---|---|---|
| १ | DRM/NCB/WORK/01/2082/2083 (Lyalebagar Tallo Thulasin Sichai Kulo Nirman) | N.R.K.Reliable Engineering and Construction Private Limited, Koteshwor KTM Nepal | 55,81,747.3 | |
| २ | DRM/NCB/WORK/02/2082/2083 (Dantadathulakhet Sichai Kulo Nirman) | N.R.K.Reliable Engineering and Construction Private Limited, Koteshwor KTM Nepal | 22,18,179.3 | |

नि.प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८२/०९/१८

यस अस्पतालले मिति २०८२/०३/२५ मा प्रकाशित बोलपत्र सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रहरू स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कार्य विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु. अ. कर सहित) |
|---|---|---|---|---|
| १ | BCH/SERVICE/NCB/082/83/01 | Supply of Cleaning Personnel for the Hospital | Guna Surakshya Guard Supply Sewa Pvt. Ltd., Lalitpur | NPR. 27,774/5230 Per Person Per Month |


## यूएई र साउदीमामा रोजगार

कम्पनी : BIG MART HYPERMARKET LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२५००३६ — L.T. No.: 336345

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales-cashier | 5 | 5 | | 1500 | ५८,६०५ | | | | | | | |
| 3. | Salesmen | 30 | 10 | | 1500 | ५८,६०५ | | | | | | | |

कम्पनी : AL-FAISALIAH FOUNDATION FOR GENERAL CONTRACTING — शहर : DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२५००३५ — L.T. No.: 336214

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver/driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६८,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
AASHIN OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037

## UAE मा रोजगार

Timishuara Electrical & Mechanical Contracting Co - Temco
पूर्व स्वीकृती मितिः २०८२/९/१६ — चलानी नं. ६०२४९९६७ — LT.No. 336326

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 5 | काममा दक्ष | 1000 | ३९,२६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ पौष २५ गते (9 Jan., 2026) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५७

## साउदीमा रोजगार

कम्पनी: ALI ABDULLAH BANJI AL-KHURAIM GENERAL CONTRACTING COMPANY — शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२४९९५० — L.T. No.:336361

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 5 | 0 | स. काममा दक्ष | 1200 | ४५,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

Superb Solutions Pvt. Ltd.
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524

## UAE मा रोजगार

Alsoraa & Alitqan Cleaning And Technical Services L.L.C
पूर्व स्वीकृती मितिः २०८२/९/१७ — चलानी नं.: ६०२४९९६६ — LT No.: 336518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaners (Male) | 9 | 0 | काममा दक्ष | 1000 | ३९,२६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता : २०८२ पौष २५ गते (9 Jan., 2026) यस प्रा. लि. को कार्यालय महाराजगंज काठमाडौंमा हुनेछ ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 9769036094, 9849149768, 9768484306
Licence No.:915/067/68

## कुवेतमा रोजगार

कम्पनी: GLOWIC BEAUTY SALON FOR LADIES COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२४९९७७ — LT. No.: 336398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/Manicurist | 0 | 6 | स. काममा दक्ष | 150 | ६९,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

SUPREME OVERSEAS PVT. LTD.
Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 986-0133262.
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## कतार र कुवेतमा रोजगार

कम्पनी: JASPER CAFE — शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२४९९७६ — LT. No.: 336410

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guest Service Agent | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ५१,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | ASSISTANT COOK | 3 | 0 | | 1600 | ६२,८१६ | | | | | | | |

कम्पनी: FAST CONNECT COMPANY FOR DELIVERING CONSUMER ORDERS — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/११ — चलानी नं.: ६०२३८४१७ — LT. No.: 324460 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 12 | 0 | स. काममा दक्ष | 150 | ६९,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

S.S.K. Manpower Services Pvt. Ltd.
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com
Gov. Lic No. 1561/079/080

## साउदीमा रोजगार

कम्पनी : FAHD MUAID BIN AYIDH AL-MUTAIRI COMPANY — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ — चलानी नं.: ६०२४९९९३ — LT. No.:336454

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 2 | स. काममा दक्ष | 1000 | ३८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २५ गते (9 January 2026) मा हुनेछ ।

